Academic View

# आपत्कालीन अवस्थामा शिक्षाको निरन्तरता

**देवा सापकोटा**
*समाजशास्त्र विभाग, त्रि-चन्द्र क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
**E-mail:** *devadhital1@gmail.com*

## शोधसार

*'विपद्' कुनै पनि समय, स्थान र परिस्थितिमा देखा पर्न सक्छ । संसारका सबैजसो देश र समुदायले कुनै न कुनै विपद्को सामना गरिरहेको देख्न, सुन्न पाइन्छ । प्राकृतिक कारणले होस् वा मानवीय कारणले होस्, विपद्ले सामान्यतया सम्बन्धित देशका सबै नागरिकहरूलाई असर गर्ने भए पनि खासगरी बुढाबुढी, बालबालिका, अपाङ्गता भएकाहरू, महिला तथा रोगीहरूलाई अझ बढी नकारात्मक प्रभाव पारेको भेटिन्छ । धन सम्पत्ति, सार्वजनिक भवन र संरचनाहरू मात्र नभएर विपद्ले व्यक्तिको ज्यान समेत लिने भएकोले यसले तत्कालिन र दीर्घकालिन सबैखाले दुष्प्रभावको सामना गर्न मानिसहरूलाई बाध्य गराउँछ । यसले धन सम्पत्तिको विनास, पारिवारिक विघटन, कसैको उठीबास लगाउने मात्र नभै बसाईं सर्न बाध्य गराउने, चोट ग्रस्त पार्ने तथा कतिपय अवस्थामा नागरिकहरूको सामान्य अधिकारबाट समेत विमुख बनाई दिन सक्छ । सामान्य गाँसबास, औषधीमूलो, आवतजावत गर्न पाउने स्वतन्त्रता मात्र होइन, बालबालिकाको पढ्न र सिक्न पाउने अधिकारबाट एकै झट्कामा अधिकार बिहिन बनाई दिएको देख्न पाइन्छ । व्यक्तिको बाँच्न पाउने, सुरक्षित हुन पाउने तथा अन्य नागरिक हक र सेवाहरूलाई विपद्ले निष्प्रभावी बनाई दिने हुँदा यसबाट सामाजिक, आर्थिक, सांस्कृतिक तथा पारिवरिक अवस्थामा पर्ने प्रभाव/दुष्प्रभावहरूलाई अझबढी नियाल्नु पर्ने हुन जान्छ । विपद्को एउटै घटनाले शिक्षामा पार्ने असरबाट समाजका लाखौं विद्यार्थीहरू सिक्न पाउने नैसर्गिक हकबाट बञ्चित हुन परेको घटना २०७२ सालको भूकम्पले दर्शाइ सकेको छ । पठनपाठनको अवसरबाट लाखौं विद्यार्थीहरू लामो समयसम्म विमुख हुन नपसोस् भन्ने अभिप्रायले राज्यद्वारा जे-जति शैक्षिक प्रयत्नहरू गरिए, तिनै कोसिसहरूको सन्दर्भमा यो सामग्री तयार गरिएको छ ।*

**शब्दकुञ्जी :** *आपतकाल, बसाईंसराई, विपद्, सामुदायिक संरचना, शिक्षा*

## पृष्ठभूमि

वि.सं. २०७२ साल वैसाख १२ गतेको विनासकारी भूकम्पबाट ३४ जिल्लाका करिब ९००० विद्यालय र त्यसमा भएका ३५,९८६ कक्षाकोठा ध्वस्त हुनाले त्यहाँ अध्यनरत ३-१८ वर्ष उमेरका ११,०९,००० बालबालिकाहरू विद्यालयमा गरिने अध्ययन र शैक्षिक क्रियाकलापबाट अचानक विमुख हुन पुगे (शिक्षा विभाग २०१५, नेपाल शिक्षा क्लष्टर) । उक्त घटना शनीवारको दिन नपरेको भए हताहत हुने विद्यार्थी र शिक्षकको संख्या अकल्पनीय हुन सक्थ्यो । भूकम्पको पहिलो झट्काले बन्द भएका विद्यालयहरू पुनः शुरुवात गर्ने बेलामा दोस्रो ठूलो झट्का व्यहोर्नु पर्दा लगभग एक महिनासम्म विद्यालयहरूमा अध्ययन र अध्यापनको काम ठप्प हुन पुग्यो (शिक्षा विभाग,

२०१७, सानोठिमी) । यसपछि भने सरकार, स्थानीय निकायहरू, अन्तर्राष्ट्रिय समुदाय, संघ, संस्था तथा स्थानीय समुदाय र अभिभावकहरूको समन्वयमा नयाँ ढाँचा र बिधि अनुसार प्रभावित जिल्लाका विद्यालयहरूमा नौलो तरिकाबाट शिक्षण सिकाइको प्रकृया सञ्चालन भयो, जुन आफैँमा नेपालका लागि नौलो र आकर्षणको विषय बन्न पुग्यो । राष्ट्रिय विपद्को समयमा समाजमा परिस्थितिको सामान्यीकरण र बालबालिकाहरूले जुनसुकै परिस्थितिमा पनि पढ्न पाउने अधिकारको लागि जुन प्रयत्न सरकार र सहयोगी निकायहरूले गरे, त्यो नै नेपालको लागि “आपत्कालीन शिक्षा” को उदाहरण बन्न पुग्यो । यसै आपत्कालीन शिक्षालाई व्यवस्थापन, सीप, तथा प्रयोगका हिसावले “विपद्मा शिक्षा”को नामबाट चिनिएको छ । “आपत्कालीन शिक्षा” विश्वव्यापी रूपमा मानवीय सहयोग सम्बन्धी कार्यक्रमको एक महत्त्वपूर्ण अङ्ग भएको हुनाले यसलाई मानव अधिकारको अङ्गको रूपमा, अझ भन्दा ‘बाल अधिकार’ को महत्त्वपूर्ण कडीको रूपमा हेर्ने गरिएको छ । शिक्षालाई नेपालको संविधान (२०७२) ले मौलिक अधिकारको रूपमा स्वीकार गरेके हुनाले विपद् पछि सञ्चालन गरिने शिक्षा विपद् पूर्वको समयभन्दा बढी सुरक्षित, सान्दर्भिक र रचनात्मक हुनुपर्ने कुरालाई नेपाल सरकारबाट उच्च प्राथमिकता दिइएको (शिक्षा मन्त्रालय, २०७२, विद्यालय सुरक्षा, शिक्षक निर्देशिका भाग १/२) ।

## अनुसन्धान विधि

यो सामग्रीको तयारी गुणात्मक (Qualitative) तथा संख्यात्मक (Quantitative) तथ्य/तथ्याङ्कहरूको प्रयोगबाट गरिएको छ । त्यसो भए पनि यसमा प्रयुक्त तथ्यहरू मूलतः द्वितीयक स्रोत (Secondary sources) बाट जम्मा गरी विश्लेषणात्मक रूपबाट प्रयोग गरिएको छ । त्यस बाहेक यस सामग्रीमा लेखकले आफ्नो अवलोकनबाट प्राप्त सूचनाका साथै आपतकालमा संचालित कक्षा, शैक्षिक सामग्री अवलोकन र शिक्षक तथा अभिभावकहरूसँग गरिएको अन्तरावर्ता र छलफलका निचोडहरूलाई सूचनाको रूपमा प्रयोग गरिएको छ ।

## उद्देश्य

‘आपत्कालीन शिक्षा’ को बिधिगत अवधारणा नेपालको सन्दर्भमा नयाँ भए पनि विपद्लाई परिभाषित गर्नु र नेपालको सन्दर्भमा यो के कसरी प्रयोगमा आयो भन्ने कुराको प्रकाश पार्नु यस सामग्रीको साधारण उद्देश्य रहेको छ । यस बाहेक विशिष्ट उद्देश्यको रूपमा :

- विपद्कालमा शिक्षाको महत्त्वबारे थाहा पाउनु,
- विपद्ले शिक्षाका विभिन्न तहमा पार्ने असरबारे थाहा पाउने, र
- शिक्षाले कसरी विपद्कालमा विद्यार्थीहरूलाई सामान्य जीवनतर्फ फर्कन मद्दत गर्छ भन्ने पत्ता लगाउनु रहेका छन् ।

## विपद्मा शिक्षा

विपद्को समयमा सरकार तथा मानवीय सेवा प्रदायक संस्थाहरूले विद्यालय शिक्षालाई निकै ठूलो महत्त्व दिने गरेका छन् । अध्ययनको क्रममा सिन्धुपाल्चोक र गोरखा जिल्लाका शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूसँग गरिएको अन्तरक्रियाबाट यस सामग्रीका निमित्त सूचना प्राप्त भएका थिए ।

‘आपत्कालीन शिक्षा’को शुरुवात विपद्को पहिलो हप्तादेखि नै शुरु भै १८ महिनासम्म आवश्यकता अनुसार सञ्चालन हुने गरेको पाइयो (शिक्षा मन्त्रालय, शिक्षा विभाग, २०७२) । १८ औं महिना पछि भने आपत्कालीन शिक्षाको कार्यक्रमलाई राष्ट्रिय मूल शैक्षिक कार्यक्रम अन्तर्गत अघि बढाइने गरेको भेटियो । मूल कार्यक्रममा समाहित गर्नु अघि शिक्षा मन्त्रालय अन्तर्गत ‘शैक्षिक जनशक्ति विकास केन्द्र’ र ‘नेपाल शिक्षा समूह’को पहलमा

"विपद् पश्चात्को लागि शिक्षण सहयोगी सामग्री" भाग एक र दुई (शिक्षा मन्त्रालय, २०७२) प्रकाशित गरी बालवालिकाहरूको मनोसामाजिक सहयोग र सिकाइ तत्परतालाई निरन्ता दिने प्रयास गरेको पाइयो । यी सहयोगी सामग्रीले बाल विकास केन्द्रदेखि कक्षा १० सम्मका भाइबहिनीहरूको शिक्षालाई निरन्तरता दिन सक्थ्यो । खेलकुद, मनोरञ्जन, गीत सङ्गीत, प्रदर्शनी, जीवनोपयोगी सीप, सामुहिक र एकल कार्य, परियोजना निर्माण तथा छलफल जस्ता विधिद्वारा विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिइयो । यसका साथै शिक्षकहरूलाई आपत्कालीन शिक्षा सम्बन्धी तालिमद्वारा विद्यार्थीको तत्कालिन मनोसामाजिक असरलाई न्यूनीकरण गर्ने र गम्भिरता हेरी विज्ञहरूको सहयोगसमेत लिइएको देखियो ।

२०७२ सालको विनासकारी भूकम्पले तहसनहस बनाएका जिल्लाहरूमा धेरै समुदायका विद्यालयहरूले सीप, लगनशिलता, अनुभव र समन्वय जस्ता कुराहरूको माध्यमबाट विद्यार्थीहरूको सिकाइप्रतिको आकर्षणलाई निरन्तरता दिन सक्षम रहे भने विपद्कै समयमा पनि अधिकांश विद्यार्थीहरू शिक्षाको अधिकारबाट बञ्चित हुनु परेको स्थिति देखिएन ।

## विपद्को समयमा शिक्षालाई किन यति धेरै महत्त्व ?

नेपाल सरकार र मानवीय सेवा प्रदायक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले विपद्को समयमा शिक्षालाई निकै ठूलो महत्त्व दिएको भेटियो । यसो हुनुको पछाडी केहि विश्वव्यापी र केहि राष्ट्रिय पृष्ठभूमिले महत्त्वपूर्ण काम गरेको देखिन्छ । ती पृष्ठभूमिहरू मध्ये :

क) पहिलो कुरा त सन् २०१५ मा संयुक्त राष्ट्र संघीय साधारण सभाद्वारा १९३ देशले 'दीगो विकास लक्ष्य' (Sustainable development goal - SDG) पारित गऱ्यो । यी लक्ष्यलाई प्रत्येक देशले पूरा गर्नेपर्ने राष्ट्रिय कर्तव्यको रूपमा लिइन्छ । 'दीगो विकास लक्ष्य'ले शिक्षालाई महत्त्वपूर्ण विकास लक्ष्यको रूपमा अघि सारेको छ र यसको अवधि सन् २०३० सम्म राखेको छ (https://www.uniorg<sustainabledevelopment>" । यो लक्ष्य पूरागर्नु प्रत्येक देशको राष्ट्रिय दायित्व भएकोले जस्तो सुकै विपत्को समयमा पनि देशले शिक्षालाई प्राथमिकता दिनै पर्ने हुँदा आपत्कालीन समयमा पनि शिक्षाको निरन्तरता हुन सकेको हो ।

ख) अर्को पृष्ठभूमी भनेको 'अन्तराष्ट्रिय वालअधिकार महासन्धी' हो, जसलाई नेपालले सन् १९८९ मा हस्ताक्षर गरी सकेको छ । कुनै पनि परिस्थितिमा बालबालिका शिक्षाबाट बञ्चित हुन भनेको उसको शैक्षिक अधिकार हनन् हुनु हो । यस पृष्ठभूमिले पनि नेपाल सरकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सेवा प्रदायक निकायहरूले आपत्कालीन समयमा शिक्षालाई महत्त्व दिएको देखिन्छ ।

ग) राष्ट्रिय पृष्ठभूमीलाई नै हेर्ने हो भने नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षालाई 'अनिवार्य तथा निःशुल्क' हुने उल्लेख गरिएबाट जस्तो सुकै परिस्थितिमा पनि शिक्षाले महत्त्व पाएको देखिन्छ, चाहे त्यो विपद्कै समयमा किन नहोस् ।

## विपद्ले शिक्षामा पुऱ्याउने असरहरू

शिक्षासँग सम्बन्धित सरोकारवाला, शिक्षक, अभिभावक, विद्यार्थी र संघसंस्थाहरू सँगको छलफलबाट विपद्का कारणले खासगरी विद्यार्थी तह, समुदाय तह र शैक्षिक प्रणालीको तहमा असर परेका सूचनाहरू समेटिन पुगे । उक्त सूचनाहरूलाई UNDRR (United Nations Disaster Risk Reduction in Nepal) ले आफ्नो Status Report 2019 मा समेत उल्लेख गरेको छ । यस्ता असरहरूमा :

**क) विद्यार्थी तहमा विपत्‌ले पारेका असरहरू**

जब विपत् आइपऱ्यो, कतिपय ठाउँमा विद्यार्थीहरूको मृत्यु समेत हुन पुग्यो । विद्यार्थीहरू विस्थापित भए, सिकाइको लागि पाउने समय, अवसर र सामग्री गुमाउन पुगे । आफन्त र अभिभावक गुमाए । एकाग्रता गुमाउने, विरामी महशुस हुने, कतिपयले एक्लो महशुस गरेको समेत देख्न, सुन्न पाइयो । निरन्तर डर लाग्नु, पढाइमा मन नलाग्नु, झगडालु हुनु आदि सामान्य जस्तै देखियो । कतिपय समुदायमा विपद्‌ले गर्दा वाल-विवाह हुन थालेको कुरा अभिभावक तथा शिक्षकहरूले बताएका थिए । कतिपय बालवालिका जीविकोपार्जनका लागि बसाई सर्नु परेको समेत सुनियो ।

**ख) विद्यालय तथा समुदाय तहमा परेका असरहरू**

विद्यालय तहमा देखिएको पहिलो असर नै विद्यार्थी र शिक्षकको मृत्यु हुनु थियो । भवन भत्कियो, बाटाघाटा भत्किए, शिक्षण क्रियाकलाप शुरुमा गर्नै सकिएन । शिक्षक, व्यवस्थापन समितिमा त्रास र नैराश्यता देखिन्थ्यो । कतिपय विद्यालयका महत्त्वपूर्ण सूचनाहरू समेत हराए । कतिपय विद्यालय र त्यसको परिसर अस्थायी बासमा परिणत भए । आफ्नै भत्किएको घर र स्कुल एकै समयमा बनाउनु पर्ने चुनौति समुदायमाथि थपियो ।

**ग) व्यवस्था तथा प्रणालीमाथिको असर**

मुलुकले घोर विपत्तिको सामना गर्नु पर्दा कतिपय प्रचलित प्रणालीले अकस्मात काम गर्न छोड्छ । शिक्षकहरूमा मानसिक त्रास देखिएकाले शुरुमा पठनपाठनको रुची नै हुन सकेन । विद्यालय पठनपाठनको थलो बन्न बडो कठिन हुन पुग्यो । सूचनाहरू हराए, पुर्ननिर्माणको कामका लागि स्रोतको कमी टड्कारो देखियो । वार्षिक कार्यक्रममा छुट्याएका बजेटहरू खोज, उद्धार तथा पुनर्निर्माणमा प्रयोग हुन थाले । कतिपय ठाउँमा स्रोतको निमित्त व्यर्थ झगडा भएका घटनाहरू पनि सुनिए ।

## विपद् सामनाका लागि प्रतिकार्य

विश्वव्यापी प्रचलन अनुसार शिक्षाका सम्बन्धमा विपत्पछि गर्ने प्रतिकार्य मात्र होइन, विपत्‌बाट जोगिन गर्नुपर्ने तयारीका सन्दर्भमा समेत स्पष्ट उल्लेख गरेको पाइन्छ । Unviersity of Geneva को 2018 मा प्रकाशित Education in Emergency तालिम पुस्तकमा के के गर्ने भन्ने प्रष्ट उल्लेख गरेको छ । यहाँ सोहि तालिम पुस्तकमा उल्लेख गरिएका र “शिक्षा क्षेत्रका लागि भैपरि योजना” (DoE, 2016) ले तोकेका प्रतिकार्यका खास खास बुँदाहरूलाई समेटिएको छ :

| समय सीमा | चरण | विपत्का समयमा शिक्षाका लागि गर्नुपर्ने प्राविधिक कार्यहरू |
|---|---|---|
| **विपत्भन्दा अघि** | पूर्व तयारी, क्षति न्यूनीकरण सम्बन्धी कार्य तथा बचावट | ● स्थानीय परिवेश (देश वा क्षेत्र) अनुसार शिक्षाको न्यूनतम स्तर निर्धारण गरिनु पर्ने ताकि विपत्मा पनि ती स्तरलाई प्राप्त गर्न मदत पुगोस् ।<br>● राष्ट्रिय तथा स्थानीय भाषामा INNE (Inter Agency Network for Education in Emergencies को अनुवाद र व्याख्या गर्ने<br>● शिक्षामा क्रियाशील निकायहरूले शिक्षा मन्त्रालयसँग समन्वय गर्ने<br>● भैपरि योजना तयार गर्ने<br>● क्रियाशील निकायहरूको स्थान, दक्षता, क्षमता र स्रोतको पहिचान गर्ने<br>● शिक्षासँग सम्बन्धित निकायहरूको विपत्मा गरिने शिक्षा कार्यक्रमका लागि क्षमता बढाउने<br>● आवश्यक सामग्रीहरूको जोहो गरिराख्ने<br>● राष्ट्रिय योजनामा विपत्कालिन बजेटको प्रावधान गर्ने<br>● विद्यालयमा विपद् जोखिम न्यूनीकरणका कार्यहरू गर्दै विपद् आइहालेमा के गर्ने भन्ने 'ड्रिल' गराउने |
| **विपत्को पहिलो हप्तादेखि ६ महिनासम्म** | सघन प्रतिकार्य | ● विपत्को घटना हुनासाथ शिक्षाको आवश्यक लेखाजोखा गर्ने<br>● भत्केका विद्यालय संरचनाका ठाउँमा अस्थायी कक्षा कोठा तथा सिकाइ केन्द्रहरू स्थापना गर्ने<br>● भाषा, गणित, स्वास्थ्य र सरसफाइसम्बन्धी अनौपचारिक शिक्षा शुरु गरी हाल्ने<br>● संभव भए औपचारिक शिक्षा नै शुरु गर्ने<br>● मनोसामाजिक सहयोगको लागि कार्यक्रम तयार गर्ने<br>● 'विपत्मा शिक्षा' को पाठ्यक्रम तयार गर्न मन्त्रालयलाई सहयोग गर्ने<br>● प्रशिक्षित विपत्कालीन शिक्षाका अनुभवीहरूलाई प्रभावित क्षेत्रमा तुरुन्त खटाउने<br>● कार्यक्रमले बालबालिकामा फाइदा पुऱ्याए नपुऱ्याएको यकिन गर्ने/ मूल्याङ्कन गर्ने |

| | | |
|---|---|---|
| ६ महिनादेखि विपत्को १८ महिनापछि सम्म | पुनर्निर्माणदेखि दीर्घकालीननियमित कार्यक्रम | • अस्थायी सिकाइ केन्द्र तथा कक्षाहरूमा औपचारिक शिक्षाको व्यवस्था गर्ने<br>• विपत्मा भत्केका, नष्ट भएका विद्यालयहरूको पुनर्निर्माणमा सहयोग पुऱ्याउने<br>• सबै वालकालिकालाई विद्यालयमा ल्याउने अभियान सञ्चालन गर्ने<br>• "पहिलेभन्दा राम्रो" भन्ने खालका कार्यक्रम गर्ने<br>• प्रभावकारिताबारे जान्न कार्यक्रमहरूको मूल्याङ्कन गर्ने |

University of Geneva; 2018

शिक्षा विभाग, भैपरि योजना २०१६

२०७२ सालको विनासकारी भूकम्प पश्चात नेपाल सरकार र शिक्षाका सहयोगी मानवतावादी संस्थाहरूले माथि उल्लेखित ३ वटै चरण र बुँदाहरूलाई मध्यनजर राखेर काम गरेका थिए । यसको परिणाम भूकम्प प्रभावित अधिकांस जिल्लाहरूमा संचालित शैक्षिक कार्यक्रमका उपलब्धी सकारात्मक रहेको कुरा नेपालको शिक्षा क्लष्टरको बैठक पुस्तिका (DoE, 2018) बाट थाहा पाउन सकिन्छ । प्रतिनिधि पात्रको रूपमा आफ्नौ विद्यालयमा 'विपत्मा शिक्षा' कार्यक्रम सञ्चालनको अनुभव संगालेका गोरखा जिल्ला ताकुकोटमा अवस्थित सूर्योदय मा.वि. का प्रधानाध्यापक भीम कुमार श्रेष्ठले 'विपत्मा शिक्षा' कार्यक्रमले 'कसरी शैक्षिक क्रियाकलापमा मद्दत पुऱ्यायो ?' भन्ने प्रश्नमा दिएको जवाफका बुँदाहरू प्रस्तुत गर्नु यहाँ सान्दर्भिक देखिन्छ । उनका अनुसार :

- "विपत्पछि तत्कालै (सीमित स्रोत र क्षमतामै भए पनि) विद्यालय सञ्चालन हुने भएकाले समुदाय सदस्य र बालबालिकाले विपत्को त्रासदि भुल्दै सामान्य स्थितिको महशुस गर्न पाउने ।
- विद्यालय जान पाउनासाथ विद्यार्थीहरूमा भएको मनोसामाजिक त्रासमा कमी आउने देखियो । साथी र शिक्षकको मद्दत पाउने हुँदा मनोसामाजिक असरमा पनि कमी आयो ।
- विद्यालयमा पाठ्यक्रम सम्बन्धी पठनपाठन नभै पाठ्यक्रममा आधारित सिर्जनात्मक क्रियाकलापहरू हुने हुँदा शिक्षकहरूमा समेत मनोसामाजिक त्रासमा कमी हुने ।
- पराकम्पनहरू आइ रहेकोले बालबालिकाहरू घरमा बस्नुभन्दा विद्यालयले तयार पारेका बाँसद्वारा निर्मित अस्थायी सिकाइ कक्षामा बस्न र समूहमा बस्दा बढी सुरक्षित महसुस गरेको भेटियो ।
- सिकाइमा मनोरञ्जनात्मक विधिको प्रयोग गरिएको हुँदा विद्यार्थीहरू रमाउने, चाँडै सिक्ने र अनुपस्थित हुने दरमा कमी देखियो ।
- विद्यार्थीहरूको नियमितता बढ्यो । यसो हुनासाथ विद्यालयभन्दा बाहिर हुँदा पर्न सक्ने सम्भावित जोखिमहरूमा कमी देखियो ।
- अभिभावक, शिक्षक, विद्यार्थी र समुदायको सम्बन्ध सुमधुर बन्यो ।"

प्रधानाध्यापकका यति बुँदाहरूबाट जोखिम र विपत्को समयमा पनि उनीहरूले शिक्षण सिकाइलाई निरन्तरता दिन सकेको देखिन्छ। यिनै प्रतिनिधि पात्रवाट 'विपत्मा शिक्षा' को महत्त्व के कति रहेछ भन्ने तथ्य समेत उजागर भएको पाईन्छ।

## सारांश तथा निचोड

संगठित रूपबाट विपत्मा शिक्षा कार्यक्रम सञ्चालन गरेको अनुभव नेपालमा भर्खरै मात्र शुरु भएको हो। सन् २००८ मा पूर्वी नेपालमा भएको कोशी नदीको बाढीले उत्पन्न गरेको विपत्पछि भने नेपालले औपचारिक रूपमै 'विपत्मा शिक्षा' सम्बन्धी काम गर्न थालेको देखिन्छ। यसको लागि नेपाल सरकारको शिक्षा मन्त्रालयले देशभित्र शिक्षा सम्बन्धी कार्यरत राष्ट्र संघीय कार्यालयहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरूसँग मिलेर काम गर्न शुरु गरेको थियो। 'विपत्मा शिक्षा' का सम्बन्धमा समन्वयात्मक ढंगबाट प्रणालीगत तवरले काम गर्ने अनुभव चाहिँ २०७२ को भूकम्पबाट प्राप्त भयो। घटना घटेर विपत्को स्थिति आउनासाथ शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरूले तत्कालै विपत्मैत्री पाठ्यक्रम तयार पर्नु, तालिम उपलब्ध गराउनु, मनोसामाजिक हिसावले विद्यार्थीहरूको सिक्ने हौसला गुम्न नदिनु तथा विद्यालय छोड्ने दर बढ्न नदिनु जस्ता कुराहरूलाई 'विपत्मा शिक्षा' कार्यक्रमका उपलब्धीका रूपमा हेर्न सकिन्छ।

यसो हुँदा हुँदै पनि प्रणालीगत अलमल, समन्वयमा हुने ढिलाई, दक्षता तथा सीप र अनुभवको कमी जस्ता कुराहरूमा प्रशस्त सुधार गर्नुपर्ने देखिन्छ।

## सन्दर्भसामग्री


शिक्षा विभाग (२०१६). “नेपालको शिक्षा क्षेत्रको लागि भैपरि योजना” ।

शिक्षा विभाग (२०१७). *Contingency plan for Nepal Education Cluster*

DOE (2017). *Comprehensive Schol Safty Master Plan, Nepal.* Sanothimi, Bhaktapur

कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय २०७२, नेपालको संविधान

शिक्षा मन्त्रालय (२०७२). *विपद् पश्चातको लागि शिक्षण सहयोगी सामग्री भाग १/२,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठीमी ।

University of Geneva (2018). *Education in Emergencies: Training Module*.

https:.//www.un.org<sustainabledevelopment>

नेपालको शिक्षा क्लष्टर, शिक्षा विभाग (२०१८). बैठक पुस्तिका

United Nations Office for Disaster Risk Reducaiton (UNISDR, 2012). *UN System Task Team on Post 2015.*

United Nations Disaster Risk Reducaiton in Nepal (UNDRR, 2019) Status Report.